नेपाल सरकार
गृह मन्त्रालय
# इलाका प्रशासन कार्यालय
राजारानी, धनकुटा

Nepal: Destination for All
Visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या :- २०७६/७७/
चलानी नम्बर :- ३५८

मिति :–२०७६/१२/०९

# सूचना । सूचना ।। सूचना ।।।

सम्मानीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीज्यूबाट मिति २०७६/१२/०७ गते बेलुका राष्ट्रका नाममा भएको सम्बोधन साथै गृह मन्त्रालयको च.नं.३३८८ मिति २०७६/१२/०९ को पत्रानुसार विश्वभर महाभारीका रुपमा फैलिएको नोवेल (कोभिड-१९) कोरोना भाइरसको प्रकोपबाट बच्नको लागि मिति २०७६/०६/२७ मा प्रकाशित नेपाल राजपत्रमा उल्लेखित अत्यावश्यक सेवा बाहेक अन्य सरकारी सेवाहरु बन्द गरिएकोले यस कार्यालयबाट प्रवाह गरिदै आएका सम्पूर्ण सेवाहरु आजैका मिति २०७६/१२/०९ देखि मिति २०७६/१२/२१ गते सम्मका लागि यस कार्यालयबाट प्रवाह हुने सम्पूर्ण सेवाहरु बन्द गरिएको व्यहोरा सम्वन्धित सर्व-साधारण सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै सेवा बन्द भई सेवाग्राहीहरुमा पर्न गएको असुविधा प्रति क्षमा प्रार्थी छौं ।

२०७६।१२।०९

इलाका प्रशासन कार्यालय
राजारानी, धनकुटा

राजु कुमार श्रेष्ठ
का.मु. शाखा अधिकृत

# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको सूचना

नेपाल सरकारले आवश्यक सेवा सञ्चालन ऐन, २०१४ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायका आवश्यक सेवामा हड्ताल गर्न निषेध गरी यो आदेश जारी गरेको छ :-

१. डाँक, तार वा टेलिफोन सेवा,

२. जल, स्थल वा हवाईमार्गबाट यात्री वा मालसामान ओसार पसार गर्ने यातायात सेवा,

३. हवाईअड्डा वा हवाईजहाजको देखभाल, त्यसको सञ्चालन वा मर्मत गर्ने कामसँग सम्बन्धित सेवा,

४. हवाई ग्राउण्ड, रेल्वे स्टेशन वा सरकारी गोदाममा मालसामान ओसार पसार गर्ने वा राख्ने झिक्ने वा थन्क्याउने कामसँग सम्बन्धित सेवा,

५. प्रिन्ट वा सरकारी छापाखाना सम्बन्धी सेवा,

६. हातहतियार खरखजाना वा अरु कुनै सैनिक सर सामानको उत्पादन गर्ने,थन्क्याउने, वितरण गर्ने कामसँग सम्बन्धित नेपाल सरकार रक्षा व्यवस्थाको कुनै सेवा,

७. सञ्चार सेवा,

८. आन्तरिक सुरक्षा कार्यसँग सम्बन्धित सेवा,

९. खानेपानीको सञ्चालन तथा वितरण सेवा,

१०. पर्यटन आवास, मोटेल, होटेल, रेष्टुराँ र रिसोर्ट सम्बन्धी सेवा,

११. पेट्रोलियम पदार्थ (एल.पि. ग्याँस समेत) को पैठारी, ढुवानी, भण्डारण तथा वितरण सम्बन्धी सेवा,

१२. अस्पताल तथा स्वास्थ्य केन्द्र सञ्चालन सम्बन्धी सेवा (एम्बुलेन्स सेवा जस्ता सेवाहरु),

१३. औषधि निर्माण तथा बिक्री वितरण सम्बन्धी सेवा,

१४. फोहोरमैलाको सङ्कलन, ढुवानी, प्रशोधन, विसर्जन, स्थान निर्माण, पूर्वाधार निर्माण र सङ्कलन स्थल एवं व्यवस्थापन क्षेत्रसँग सम्बन्धित सेवा,

१५. बैङ्किङ सेवा,

१६. बिमा सेवा,

१७. विद्युत सेवा,

१८. दैनिक उपभोग्य वस्तुहरु (खाद्यान्न, दाल चामल, नुन, तेल) को पैठारी, ढुवानी, भण्डारण तथा वितरण सम्बन्धी सेवा,

१९. मौसम पूर्वानुमान, बाढी पूर्वानुमान तथा पूर्वसूचना सेवा।

आज्ञाले,

प्रेम कुमार राई

नेपाल सरकारको सचिव